नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 24 No 10 Monthly International Edition of Herald of His Coming October 2023

वर्ष २४, अङ्क १० हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (कार्तिक, २०८०)

ख्रीष्टको उपस्थिति र शक्ति

The Presence and Power of Christ

By Rich Carmicheal

मेरो छोरा, बुहारी, र तिन जना छोरीहरू (६ र ३ वर्ष र १७ महिना) का हामीसँग धन्यवादको चाडको दिन केही दिनसम्म सँगै समय वितायौँ । तिनीहरू हामी बसेको ठाउँभन्दा धेरै घण्टा टाढा बस्दछन् । जब हामी सँगै समय बिताउँछौ यो अति नै आशिषमय क्षण हुनजान्छ । भोली विदा भएर आफ्नो घर जाने वेलाको अघिल्लो दिन रातको कुरा हो हाम्रा नातिहरू रोइरहेका थिए, किनभने भोली उनिहरू आफ्नो घरमा जानुपर्ने थियो । विदाई सम्झेर रुनु राम्रो कुरा थिएन । अर्को दिन बिहान म उठेर नानीहरू तिर हेरें तिनीहरू अझै पनि रोइरहेका थिए । मैले तिनीहरूलाई केही अराम गर्न र आफ्नो घरतिरको लागि सामान मिलाउन म आफै कस्सिएँ । मैले तिनीहरूलाई बोकेर हिँडेर "जिसस लम्स मी" भन्ने कोरस गुन गुनाउन थाले । मैले गाईरहेको वेलामा त्यो नानी पनि म सँगै अलि फरक प्रकारले गाउन थाली जसले मलाई साँच्चीकै छोयो । उसले भन्दै थिई "येशूले मलाई माया गर्नुहुन्छ त्यो मलाई थाहा छ किनकि बाइबलले त्यसै भन्दछ । साना नानीहरू उहाँका हुन् तिनीहरू कमजोर छन्, तर उहाँ शक्तिशाली हुनुहुन्छ ।" हो, येशूले मलाई माया गर्नुहुन्छ बाइबलले मलाई त्यही भन्दछ ।" यद्यपि यो हेर्ने हो भने भित्री सत्यता सबैको लागि हो । हो, हामी कमजोर छौ र उहाँ शक्तिशाली हुनुहुन्छ ।

साँच्चिकै फरक पोर्न वाक्याङ्स हो । हो, हाम्रा श्रोतहरू सिमित छन् र आफैले सामना गर्नको लागि अपर्याप्त पनि छन् । तर प्रभु हाम्रो साथमा हुनुभयो भने यसले के फरक पार्दछ ? यही परमेश्वरले नै हामीलाई ति समस्याहरूबाट जुध्न शक्ति दिनुभयो भने के हुन्छ ? सत्यकुरा यो हो कि हामी उहाँबाट भिन्न भएर केही पनि गर्न सक्दैनौँ । (यूहन्ना १४:५) तर यो पनि सत्य हो कि उहाँ बाहेक हामी केही पनि गर्न सक्दैनौँ । (फिलिस्पी ४:१३)

हामी पुरानो करार न्यायकर्ता बाट हेरौं त गिदोनले के भनेका थिए सोचौं त ! उनले आफ्नो परिवार र आफ्नै वारेमा भनेका थिए "हजूर सुन्नुहोस्, म कसरी इस्राएललाई बचाउन सक्छु ? मेरो गोत्रलाई हेर्नुहोस् त्यो मनस्सेमा सबैभन्दा कमजोर छ, र मेरा पिता घरनामा म सबैभन्दा सानो छु ।" (न्यायकर्ता ६:१५) तेरै पनि परम प्रभुले भन्नुभयो "तँ वीर मानिस होस् र परमप्रभु तँ सँग हुनुहुन्छ ।" तब तिनीतिर फर्केर परमप्रभुले भन्नुभयो "जा इस्राएलीलाई मिद्यानीहरूका हात देखि छुटाउनलाई तँमा भएको वल प्रयोग गर । तँलाई पठाउने मनै हुँ ।" परम प्रभुले जवाफ दिनुभयो, म तँसँग हुनेछु, र तैंले सारा

मिद्यानीहरूलाई एउटै मानिस झैं मानेछस् (न्यायकर्ता ६:१२, १४, १६)

गिदोन आफैंमा एकदमै कमजोर मासिन थिए तर परमेश्वरको उपस्थिति र शक्तिले सबै कुरा सम्भव थियो । हेर्नुहोस् त्यसपछि के भने गिदोनले १,३५,००० जनाको ठूलो सैन्य दललाई मात्र ३०० जनाको नेतृत्व गरी विजय हासिल गरे ।

भजनसंग्रह ७१ मेरो मस्तिष्कमा आएको छ । यो खण्डमा भजन रचइताले आफुसँग साधन सिमित भएको खुलेरै स्वीकार गर्दछन् । वुढेसकालमा मलाई नत्याग्नुहोस् मेरो वल घटेको वेलामा मलाई नछोड्नुहोस् ।"(भजनसंग्रह ७१:९) उनको आफ्नो शक्ति कम भएकोले सेवामा कमजोरी हुन सक्छ र सेवा पूर्ण गर्नको लागि ईश्वरिय शक्तिको आवश्यकता पर्दछ । जसले परमेश्वरमा भर पर्दछ उसको सेवा र जीवन ईश्वरीय शक्तिले भरिन्छ । उनी अगाडि भन्दछन् "तर मचाहिँ निरन्तर आशा गरिरहने छु अझ धेरै तपाईंको प्रशंसा गर्नेछु । मेरो मुखले तपाईंको धार्मिकता, र तपाईंबाट हुने उद्धारको विषयमा सारा दिन बोल्नेछु, यद्यपि तिनको परिणाम मलाई थाहा छैन । हे परमप्रभु परमेश्वर, तपाईंका शक्तिशाली कार्यको म घोषणा गर्दछु, तपाईंका धार्मिकताको मात्र म घोषणा गर्नेछु ।" (पद १४ - १६) अझै अगाडि भनिएको छ"हे परमेश्वर म वृद्ध हुँदा र मेरो कपाल फुलिसक्दा पनि मलाई नत्याग्नुहोस्, अर्को पुस्तालाई र पछि आउने सबैलाई मैले तपाईंका सामर्थ्यको घोषणा नगरेसम्म मलाई नत्याग्नुहोस् ।" (पद १८)

नयाँ करारमा परमेश्वरले पावललाई यसरी सिकाउनु भयो "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्वलतामा नै सिद्ध हुन्छ ।" (२ कोरिन्थी १२ : ९) र यसमा पावलको प्रतिक्रिया कस्तो छ हेरौ त उनि भन्छन् "यसकारण ख्रीष्टको शक्ति म मा वास गरोस भनेर म वरु मेरो दुर्वलतामा बढी खुशी साथ गर्व गर्दछु । यसकारण ख्रीष्टको खातिर दुर्वलताहरूमा, बदनामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, आपदहरूमा म सन्तुष्ट रहन्छु । किनकि जब म दुर्वल छु, तब म शक्तिशाली छु ।" (पद ९ - १०) कस्तो अचम्मको अनुभव ख्रीष्टको शक्ति ' म माथी होस् ।' के ख्रीष्टको उपस्थिती र शक्तिले परिपूर्ण हुन राम्रो जीवन र सेवामा आवश्यकता छैन त ? हाम्रो जीवनमा दौड राम्रो सँग पुरा गर्न र अरुहरूको जीवनभन्दा फरक हुनको लागि हामीलाई उहाँका सबै श्रोतहरूको आवश्यकता पर्दछ । हामीमा बास गर्नु भएको ख्रीष्टले हाम्रा वरिपरिका मानिसहरूलाई पनि हुनु आवश्यक छ । यसरी उहाँले हामी मार्फत काम गर्नुहुन्छ ।

हाम्रो नीम्ति महान् खुशीको खबर यो छ कि ख्रीष्टले हाम्रो जीवन उहाँको उपस्थित ! उहाँको शक्ति, उहाँको प्रेम, उहाँको आनन्द, उहाँको करुणा, र निरन्तरताले मर्न चाहनुहुन्छ । परमेश्वरले काम गर्दा हामीलाई सीमित श्रोतबाट होइन तर हाम्रो सिमितितामा परमेश्वरको असिमित श्रोत मरेर काम गर्न चाहनुहुन्छ ।"किनकी उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा बास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो ।" (कलस्सी १:१९) परमेश्वर सृजनात्मक र दिगो शक्तिले भरिपूर्ण हुनुहुन्छ । (कलस्सी १: १६ - १७ पद र हिब्रू १:३) उहाँ जीवन र प्रकाशले भरिपूर्ण हुनुहुन्छ (यूहन्ना १ : ४ - ५) अनुग्रह र सत्यताले भरिपूर्ण हुनहुन्छ । (पद १४) र सान्त्वना, प्रेम र करुणा (२ कोरिन्थी १: ५) एफिसी ३:१९, मत्ती ९ : ३६) "उहाँ अल्फा र ओमेगा, सुरु र अन्त्य, पहिलो र अन्तिम हुनुहुन्छ" (प्रकाश २२: १३) उहाँले हाम्रो जीवनमा के गर्नु हुन्छ भन्ने केही धर्म शास्त्रीय खण्डहरूलाई हेरौं -

- उहाँले हामीलाई आनन्दले भरिदिनु हुन्छ : "मैले तिमीहरूलाई यी कुराहरू भनेको छु, ताकि मेरो आनन्द तिमीहरूमा रहिरहोस र तिमीहरूको आनन्द पूर्ण होस् । (यूहन्ना १५ :११) ।
- उहाँले हामीलाई शान्तिले

भरिदिनु हुन्छ : "शान्ति म तिमीहरूसँग छोड्छु, मेरो शान्ति म तिमीहरूलाई दिन्छु, संसारले दिएको जस्तो होइन । तिमीहरूको हृदय विचलित नहोस् र नडराउनुहोस् । (यूहन्ना १४: २७)

- परम प्रभु हाम्रो साथमा हुनुहुन्छ : कुनै कुरामा चिन्तित नहोओ, तर सबै कुरामा प्रार्थना र अन्तरविन्तीद्वारा, धन्यवाद सहित, तिमीहरूका विन्तीहरू परमेश्वरमा प्रकट होउन् । र परमेश्वरको शक्ति जसले सबै समझ शक्तिलाई पार गर्दछ, खीष्ट येशूद्वारा तिमीहरूको हृदय र तिमीहरूका मनलाई खीष्टमा रक्षा गर्नेछ ।" (फिलिस्पी ४: ५ - ७) ।
- उहाँले हामीलाई बलियो बनाउनुहुन्छ : - "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।" (फिलिस्पी ४: १३)
- उहाँले हामीलाई मुक्त गर्नुहुन्छ - "परमप्रभुका आत्मा ममाथि छ किनभने गरीबहरूलाई सुसमाचार सुनाउनको निम्ति उहाँले मलाई अभिषेक गर्नु भएको छ । कैदीहरूलाई छुटकराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति र परमप्रभुको प्रशन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनु भएको छ ।" (लूका ४: १८, १९)
- उहाँले हामीलाई निको पार्नुहुन्छ : "सारा भीडले उहाँलाई छुन खोज्दै थियो, किनकि शक्ति उहाँबाट निस्किएको थियो, र तिनीहरू सबैलाई निको पार्दथियो ।" (लूका ६:१९)".....उहाँ आफैले हाम्रा दुर्वलताहरू लिनुभयो र हाम्रा रोगहरू बोक्नुभयो ।" (मत्ती ८ : २७) ....अति उहाँको चोटले हामी निको हुन्छौं । (यशैया ५३ : ५)
- उहाँले हामीलाई व्यवस्थापन गर्नुहुन्छ : "मेरा परमेश्वरले आफ्नो महिमा उहाँको सम्पत्ति अनुसार तिमीहरूको हरेक खाँचो खीष्ट येशूमा पुरा गरिदिनु हुनेछ ।" (फिलिस्पी ४: १९)
- उहाँले जीवन दिनुहुन्छ : ".....म त तिनीहरूले जीवन पाऊन् र त्यो प्रसस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।" (यूहन्ना १०:१०)
- उहाँले हामीलाई परिक्षाबाट जोगाउनु हुन्छ - "किनकि उहाँ आफैले कष्ट भोग्नु भयो र परिक्षित हुनुभयो, यसैले परिक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ" । (हिब्रू २: १८)
- उहाँले हामीलाई विजय दिनुहुन्छ : ".....संसारमा तिमीहरूलाई संकट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।" (यूहन्ना १६ : ३३)
- अनि तिनीहरूको थुमाको रगत र आफ्ना वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन् ।"(प्रकाश १२: ११)
- उहाँले हामीलाई अनुग्रह र दया देखाउनु हुन्छ : किनकि हाम्रा प्रधान पुजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न । तर हामी जस्तै उहाँ सबै कुरामा परिक्षित हुनुभयो, र पनि पाप रहित हुनुहुन्थ्यो । यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं ।" (हिब्रू ४: १५ - १६)
- उहाँले हामीलाई उत्साह र सान्त्वना दिनुहुन्छ । "अब हामीलाई प्रेम गर्नुहुने र अनुग्रहद्वारा अनन्तको सान्त्वना र उत्तम आशा दिनु हुने हाम्रा

प्रभु येशू ख्रीष्ट आफैले तथा परमेश्वर हाम्रा पिताले तिमीहरूका हृदयलाई सान्त्वना देऊन र हरेक असल काम र वचनमा तिमीहरूलाई स्थिर गराऊन् ।"(२ थेसलोनिकी २: १६ - १७)

- उहाँले हामीलाई क्षमा दिनुहुन्छ : "यदि हामीले हाम्रा पापहरू स्वीकार गर्छौं भने उहाँ हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्न विश्वास योग्य र धर्मी हुनुहुन्छ ।" (१ यूहन्ना १:९)
- उहाँले हाम्रो सेवामा अधिकार दिनुहुन्छ : "मेरो अन्तसंस्करणमा उहाँले नै जोडसँग प्रेरणा दिनुभएको शक्ति अनुसार म यसैको निम्ति कठोर परिश्रम गर्दछु ।" (कलस्सी १: २९)
- उहाँले हामीलाई पूर्नस्थापित पार्नुहुन्छ : "उहाँले मेरो प्राणलाई पुनजीर्वित पार्नुहुन्छ । उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोहोऱ्याउनु हुन्छ ।" (भजन संग्रह २३ : ३)
- उहाँले हामीलाई विश्राम दिनुहुन्छ : "हे सबै थाकेका र बोझले दविएका हो, म कहाँ आयो म तिमीहरूलाई विश्राम दिनेछु मेरो जुवा आफूमाथि लेओ र म सँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउँनेछौ । किनकि मेरो जुवा सजिलो छ, मेरो भारी हलुको छ ।" (मत्ती ११:२८ - ३०)
- उहाँले हामीलाई जीवित पानी दिनुहुन्छ : "...यदि कोही तिर्खायो भने त्यो म कहाँ आओस् र पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगि निस्कने छन् ।"(यूहन्ना ७:३७ - ३८)
- उहाँले हामीलाई आत्मिक भोजन दिनुहुन्छ : "...जीवनको रोटी म हुँ । म कहाँ आउने भोकाउने छैन, र म माथि विश्वास गर्ने कहिल्यै तिर्खाउने छैन ।" (यूहन्ना ६ : ३५)
- उहाँले हाम्रो निम्ति मध्यस्थता गर्नु हुन्छ : "...उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नु हुन्छ । किनकि तिमीहरूका निमित मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव जीवित रहनु हुन्छ ।" (हिब्रू ७ :२५) "...मर्ने त ख्रीष्ट हुनुहुन्छ जो मरेकाहरूबाट जीवित पारिनु भयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ ।" (रोमी ८: ३४)

यो अंकको बारेमा : हेराल्डको यो अंक हाम्रा आवश्यकताहरूमा कसरी परमेश्वरतिर आँखा लगाउनु पर्दछ भन्ने विषयमा केन्द्रित छ ।हाम्रो वरिपरिका संसारलाई जस्तै हामीलाई पनि उहाँको नितान्त आवश्यकता छ । यो कुरा हामीले एकदिन पूर्ण रूपमा बुझ्नेछौ अहिले त केवल आंशिक रूपमा मात्र बुझिरहेका छौं । उहाँ एउटा मात्र 'बाटो सत्य र जीवन हुनुहुन्छ ।" (यूहन्ना १४ : ६) हामीले उहाँमा राम्रोसँग ध्यान, उहाँसँग राम्रो संगति, राम्रो निर्भरता र राम्रो सेवा सबै कुरा उहाँकै महिमाको निम्ति गरौं । यी सबै कुराले उहाँलाई नै महिमा होस् ।

बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

खीष्टको नाउँमा

In the Name of Christ

By Andrew Murray

आउनुहोस्, हामीहरू यो शिर्षकलाई स्पष्ट पार्नको लागि बाइबलका सम्बन्धित खण्डहरूलाई अवलोकन गरौं ।

"तिमीहरूले मेरो नाउँमा जे सुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु । तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु ।" .(यूहन्ना १४:१३ - १४)

"मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनेर तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस् । यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला उहाँले तिमीहरूलाई सो दिनुहुनेछ । (१५:१६)

"त्यो दिन तिमीहरूले मलाई केही सोध्ने छैनौं । साँचै म तिमीहरूलाई भन्दछु, तिमीहरूले मेरो नाउँमा पितासँग जे माग्छौ, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ । अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ । माग अनि तिमीहरूले पाउनेछौ । यसरी तिमीहरूको आनन्द पूराओस् ।" (१६ : २३ - २४)

"त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौ । म तिमीहरूका निम्ति पितासँग विन्ति गरिदिनेछु भनी तिमीहरूलाई भन्दिन ।" (१६ : २६)

यी माथिका पदहरूमा "मेरो नाउँमा" "मेरो नाउँमा" भनी छ पटक दोहोऱ्याएको छ । यो वाक्याइस हामीले लिन कति गाह्रो कुरा हो भन्ने परमेश्वरलाई थाहा थियो । साथै उहाँले हामीबाट घुँडा टेकेर उहाँकै शक्तिमा भई मागेको चाहनुहुन्छ । उहाँले मात्र हाम्रा सम्पूर्ण प्रर्थाना सुन्नुहुन्छ जो खीष्टद्वारा परमेश्वर कहाँ पुऱ्याइन्छन् । खीष्ट कहिले पनि प्रार्थना गर्दा थाक्नु भएको छैन । उहाँले हामीलाई पनि "मेरो नाउँमा" "मेरो नाउँमा" भनेर उत्साह दिन पाक्नु भएको छैन । यस्तै उहाँ भन्नु हुन्छ, "तिमीहरूले जे माग्छौ" म त्यो गर्नेछु । यी दुईवटै वाक्याइसको केन्द्रमा के छ ? के तपाईंले याद गर्नुभयो । हो, त्यो हो पितासँग मेरो नाउँमा । हाम्रो माग्ने तरिका र पिताले दिने तरिका समान रूपमा हुनुपर्दछ । प्रार्थनामा भएका सबै कुराहरू यी २ वटा कुराहरूको बुझाइमा भर पर्दछ ।

जब 'नाम' शब्द हाम्रो मस्तिष्कमा आउँछ तब हामी सजिलै त्यो वस्तुको स्वभावको चित्र आउँछ । परमेश्वरको नाम उहाँको सम्पूर्ण दिव्य प्रवृत्ति र महिमा व्यक्त गर्नको लागि प्रयोग गरिन्छ । खीष्ट नाउँको अर्थ उहाँको सम्पूर्ण प्रकृति, व्यक्तित्व र काम, उहाँको स्वभाव र आत्मा नै हो । खीष्टको नाउँमा माग्नु' भनेको उहाँलाई र उहाँको मध्यस्थताको सेवालाई स्वीकार गर्नु हो । जब पहिलो पटक एकजना पापी मानिसले खीष्टलाई स्विकार्छ, विश्वास गर्दछ, उसले खीष्टको योग्यता र मध्यस्थताको वारेमा मात्र सोध्छ । जीवनको अन्तिम दिनसम्म हाम्रो लागि यो तरिकाले नै आत्माविश्वास दिलाउने एउटा आधार हो ।

र, जब विश्वासी उहाँमा बढ्दै जान्छ, अनि खीष्टसँग एकदमै गहिरो सम्बन्धमा डुब्छ, वा त्यो मानिस उहाँमा रहन्छ । खीष्ट पनि त्यसमा रहनुहुन्छ र त्यो विश्वासीले खीष्टमा रहनु भनेको के हो, खीष्टको नाउँमा प्रार्थना गर्नु भनेको के हो ? आत्मामा हुनु भनेको के हो ? उहाँको स्वामित्वमा हुनुको अर्थ अब उसले बुझ्न थाल्छ । पवित्र आत्माको रूपमा उहाँको प्रकृतिले नै यो हामीलाई दिनुहुन्छ । जब हामीले शब्दहरूको साँचो अर्थ बुझ्दछौं, "त्यस दिन तिमीहरूले मेरो नाउँमा सोध्नेछौ,- जुन दिन पवित्र आत्मामा खीष्ट उहाँका चेलाहरूको

विचमा बस्न आउनु भयो । अब हामी परमेश्वरको महानतामा कति पनि डगमगाउने छैनौं । "तिमीहरूले मेरो नाउँमा जे माग्छौ, म त्यो गर्नेछु ।"खीष्टसँग मागेका हरेक कुराहरू उहाँको प्रकृति, प्रकृति र स्वभाव हामीमा सर्दछ त्यसरी नै खीष्टको शक्ति हाम्रो जीवनमा पनि देखा पर्न जान्छ र हामीलाई शक्तिशाली बनाउँछ । खीष्टले हाम्रो जीवनमा उहाँ रहन चाहनु भएर र हामीसँग भएको देख्नु हुने चाहिँ, हाम्रो इमान्दारिता, समर्पण वा सम्पूर्ण हृदयले उहाँको नाउँमा मागोस् भन्ने नै हो । जसबाट हाम्रो प्रार्थनाको जीवन र आत्मिक स्वस्थताको मापन हुन्छ ।

"तिमीहरू म मा रह्यौ भने र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिने छ ।" (यूहन्ना १५ : ७)

जब हामी उहाँको नाउँमा बस्दछौ, उहाँको नाउँबाट लाभ उठाउनको लागि आत्मिक शक्ति प्राप्त गर्दछौं । जसरी एउटा दाखको बोटले फल फलाउनको लागि हाँगाबाट रस लिएको हुन्छ र फल हाँगामा नै भर पर्दछ त्यसरिनै विश्वासीले आफ्नो सम्पूर्ण जीवनको स्वामित्वमा आत्माको पूर्णतालाई स्विकार गरेकोले यसरी नै परमेश्वरबाट स्वाद चाखेको हुन्छ । खीष्टको साँचो शक्ति पाउन हाँगाबाट फलले रसलिनै पर्छ, नत्र भने फल बढ्न सक्दैन ।

खीष्ट यस संसारमा प्रार्थना भनेको केहो बुझाउनको लागि पनि आउनु भयो । जसरी खीष्टले यस पृथ्वीमा रहँदा प्रार्थना गर्नुभयो हामीले पनि त्यसरी नै प्रार्थना गर्नुपर्छ । यो उहाँले हामीलाई सिकाउनु भएको एउटा तरिका हो । उहाँ एक असल शिक्षक हुनुभएकाले हामीले उहाँका शिक्षाहरूलाई अंगिकार गर्नु पर्दछ । उहाँ हाम्रो एक असल उदाहरण हुनुहुन्छ । उहाँले हाम्रो र परमेश्वरको विषयमा मध्यस्थताको सेवा गरिरहनु भएको छ । यो कुरा हामीले पूर्ण रूपमा स्विकार गर्नुपर्छ ।

खीष्टले कुन समयमा र कसरी उहाँले प्रार्थना गर्नुभयो भन्ने अनुभव गर्न सक्यौं भने, र हामीले कसरी आफ्नो जीवनका हरेक घटनाहरू कसरी प्रार्थनासँग जोडिएका छन् बुझ्न सक्यौं भने, स्वर्गिय मध्यस्थता र प्रार्थनाको आनन्द र रहस्यको वारेमा राम्रोसँग अनुभव गर्न सक्दछौं । यसरी हामीले उहाँको नाउँमा स्वर्गीय शक्ति प्राप्त गर्न सक्छौं । (Abridged From The Ministry of Intercassion by - Adrew Murray)

प्रेम भनेको चिन्ह हो

Love is the Sign

By John Mathews

प्रेम एउटा संकेत हो, साथसाथै प्रेम भनेको एउटा चिन्ह पनि हो । जो परमेश्वरबाट जन्मेको छ ऊसँग प्रेम हुन्छ । यो खीष्टमा नयाँ गरि जन्मेको एउटा संकेत पनि हो । जसले प्रेम गर्छ, भन्छ ऊ परमेश्वरबाट जन्मेको हुन्छ । साथै जसले प्रेम गर्दैन उसले परमेश्वरलाई चिनेको हुँदैन । हामी जान्दछौं कि हामी मृत्युबाट जीवनमा सरेका व्यक्ति हौं त्यसैले हामीसँग प्रेम छ भन्ने प्रमाणित हुन्छ । प्रेम चमत्कारि चिन्ह भने होइन न यो स्वर्गदूतले मिठो बोलीमा बोलेको चिन्हनै हो । प्रेम पहाडहरू सार्न सक्ने विश्वास, भोकाएकाहरूलाई खुवाउने परोपकार र सहीद हुनु पनि होइन, जसले आफ्नाहरूको लागि रगत बनाउन तयार हुन्छन् । यस्तो अवस्थामा मानिसहरू जल्छन्, आफ्नो विश्वासको लागि मर्न पनि तयार हुन्छन् तर यी सबै कुरा प्रेमका चिन्हहरू होइनन् । यो पवित्र आत्माद्वारा हाम्रो हृदयमा परमेश्वरले जलाइरहने, प्रज्वलित भइरहने, पवित्र, स्वर्गिय उपस्थिति नै प्रेम हो ।

हामीले प्रेम गर्ने मानिसहरू

यस संसारमा हामीले प्रेम गर्ने तिन प्रकारका मानिसहरू छन् । सबै भन्दा पहिलो, हाम्रा छिमेकीहरू तर यहाँ एक प्रस्न उठ्न सक्दछ हाम्रो छिमेकी के हो ? यो प्रश्न येशूको समयमा पनि उठेको थियो । समय जति पुरानो छ यो पनि त्यतिकै पुरानो छ । जब एकजना न्यायाधिशले

येशूलाई सोधे "मेरो छिमेकी को हो ?" यो प्रश्नको जवाफमा येशूले असल सामरीको दृष्टान्त दिनुभयो । (लूका १०:२५ - ३६) ती सामरियाका मानिसहरू जसलाई यहूदीहरूले एकदमै घृणा गर्दथे तिनीहरूलेनै त्यो सामरीलाई जेरिकोको सडकमा भेट्टाए । त्यो मानिसलाई आफ्नै मानिस यहूदीहरूले पिटेर लुटपाट गरि छाडिदिएका थिए । त्यो मर्छ भनी तिमीहरूले छाडेका थिए ।

त्यो बाटो भएर पुजाहारी र लेबीहरू पनि आए तर सबै जना तर्किएर गए । तर अन्तमा एकजना जातमा सानो सामरीले दया देखायो । उसले त्यो यात्रीको घाउहरू बाँध्यो,औषधी लगायो, गधामा चढाएर सरायमा लग्यो र राम्रोसँग हेरचाह गऱ्यो । उसले त्यस यात्रीलाई त्यहाँको एकजनालाई जिम्मा लगाईदियो र अरु थप खर्च लागे म पछि आउँदा तिरौंला, राम्रोसँग स्याहार गर भन्यो । उसको सुरक्षा एक शत्रुले गर्न पुग्यो । यो ईश्वरप्रतिको प्रेम हो । तपाईंको छिमेकी जुनसुकै किन नहोस् उसको रंग, जात जेसुकै होस् त्यो दुःखमा, अभावमा, आवश्यकतामा छ भने उसलाई सहायता गर्नु तपाईंको कर्तव्य हो । आवश्यकतामा परेकालाई प्रेम देखाउन कहिले पछि पर्नुहुँदैन ।

दोश्रो, हाम्रो भाइ, जसलाई हामीले प्रेम गर्नुपर्दछ । हाम्रो भाइ को हो ? जो कोही पनि त्यो परमेश्वरबाट जन्मिएको हुन सक्दछ । नयाँ जन्मले हामीलाई परमेश्वरको परिवारको सदस्य बनाउँछ । किनकी हामी परमेश्वरको राज्यमा जन्मलिँदा एउटै परिवारको सदस्य हुन्छौ । दोश्रो पटक जन्मिएका मानिसहरू जसलाई नाताअनुसार भाइ बनाउँदछ । जात, राज्य वा रंग जस्तोसुकै होस्, जसले उहाँलाई विश्वास गर्दछन् तिमीहरू ख्रीष्टको मातृत्वमा एउटै परिवार हुन्छन् । मैले उसलाई प्रेम गर्नु पर्दछ, ऊ मेरो भाइ हो "यदि कुनै मानिसले भन्छ म परमेश्वरलाई प्रेम गर्दछु र आफ्नो भाइलाई घृणा गर्छ भने ऊ झुट हो । ....जसले परमेश्वरलाई प्रेम गर्छ उसले आफ्नो भाइलाई पनि प्रेम गर्दछ । (१ यूहन्ना ४ : २० - २१) हामीले कतिपटक भाइलाई प्रेम गर्नुपर्छ भन्ने कुरा एकदमै हलुका रूपमा लिएका हुन सक्दछौं । हाम्रो भाईलाई प्रेम गर्ने कुरामा हामी वारम्वार असफल हुन्छौं । भाइलाई घृणा गर्ने स्वभाव हामीबाट बाहिर निकाल्नु अतिनै जरुरी हुन्छ । तोश्रो, हामीले हाम्रा सत्रुहरूलाई प्रेम गर्न सक्नुपर्दछ । प्रेमले हाम्रो छिमेकी, भाइ र सत्रुलाई हेर्दछ । ख्रीष्टमा भाइलाई प्रेम गर्नु अतिनै आनन्दको कुरा हो । खाँचोमा परेका छिमेकीहरूलाई प्रेम गर्ने हाम्रो हृदयको भित्री भागबाट आउनु पर्दछ । यस्तै हाम्रो शत्रुलाई प्रेम गर्ने कुरा हाम्रो बाध्यता हुन सक्दछ । हाम्रो छिमेकी र भाइलाई प्रेम गरेतापनि हाम्रो शत्रुलाई प्रेम गर्न सकेनौं भने त्यो ईश्वरीय प्रेम हुन सक्दैन हुन त शत्रुलाई प्रेम गर्न परमेश्वरले बाध्य बनाउनु भएको हुन सक्दछ । शत्रुलाई प्रेम गर्नु भनेको कुनै भावनाको कुरा भने होइन । शत्रुलाई प्रेम गर्न हामीलाई परमेश्वरको प्रेमको न्यानोपनाको आवश्यकता पर्दछ परमेश्वरको हृदय हाम्रो हृदयमा हुनु अतिनै महत्वपूर्ण कुरा हो । एउटा वाध्यताको प्रेमले होइन तर परमेश्वरले हामीलाई गर्नुभएको निसर्तको प्रेमलेनै हामी हाम्रा शत्रुहरूलाई प्रेम गर्न सक्दछौं । शत्रुलाई प्रेम गर्ने मानिसले मात्र आफ्नो जीवनमा आशिषको महसुस गर्न सक्दछ । हाम्रो शत्रु तिर्खाएको छ भने हामीले हामी सँग नभएको पनि अरुसँग मागेर दिन्छौं र हामीसँग अपुग हुँदा हुँदै पनि हामी हाम्रो शत्रुलाई रोटी दिन्छौ भने प्रेम स्वतः प्रदर्शन हुन्छ । हामीले कहिले पनि वासी रोटी दनु हुँदैन तर राम्रो, ताजा र चुल्होबाट भर्खरै निकालेको रोटि दिनु ईश्वरीय दिने उदाहरण हो । हामीले त्यस्तै गर्नुपर्दछ । बाइबलले स्पष्ट भनेको छ यदि तिम्रो शत्रु भोको छ भने उसलाई खुवाऊ । यदि ऊ तिर्खाएको छ भने उसलाई पिउन देऊ .....।" (रोमी १२:२०)

(Condensed from the love of God by John Mathews)

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com